आज मिति २०७७/०७/१९ गते दिनको १:०० बजे यस बुद्धभूमि नगरपालिका नगर कार्यपालिकाको आकस्मिक बैठक बुद्धभूमि नगरपालिकाका नगर प्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारी सदस्यज्यूहरु र कर्मचारीहरुको उपस्थिति देहाय बमोजिम रहेयो ।

## उपस्थिति

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | नगर प्रमुख | बुद्धभूमि न.पा. १ | |
| २ | श्री मिरा थारु | उपप्रमुख | बुद्धभूमि न.पा. २ | |
| ३ | श्री तेजबहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमि न.पा. १ | |
| ४ | श्री भेषराज शर्मा | वडा अध्यक्ष | बुद्धभूमि न.पा. २ | |
| ५ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ३ | |
| ६ | श्री पवन कुमार थारु | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ४ | |
| ७ | श्री वेचन प्रसाद यादव | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ५ | |
| ८ | श्री नन्दलाल यादव | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ६ | |
| ९ | श्री अल्गु ढांडी | का. वडाअध्यक्ष | बुद्धभूमि न.पा. ७ | |
| १० | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ८ | |
| ११ | श्री खुमानन्द न्यौपाने | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ९ | |
| १२ | श्री सन्दिप पाण्डेय | का. वडाअध्यक्ष | बुद्धभूमि न.पा. १० | |
| १३ | श्री कमला चौधरी | महिला सदस्य | बुद्धभूमि न.पा. १ | |
| १४ | श्री खिमकला पाण्डे | महिला सदस्य | बुद्धभूमि न.पा. ४ | |
| १५ | श्री प्रभावती लोहार | महिला सदस्य | बुद्धभूमि न.पा. ७ | |
| १६ | श्री विमला देवी कुर्मी | महिला सदस्य | बुद्धभूमि न.पा. ८ | |
| १७ | श्री सरस्वती कुवंर | महिला सदस्य | बुद्धभूमि न.पा. ५ | |
| १८ | श्री फागु प्रसाद धोवी | दलित वा अल्प. स. | बुद्धभूमि न.पा. ५ | |
| १९ | श्री राम मनोरथ लोहार | दलित वा अल्प. स. | बुद्धभूमि न.पा. ६ | |
| २० | श्री रामदेव पासी | दलित वा अल्प. स. | बुद्धभूमि न.पा. २ | |
| २१ | श्री अनिल पौडेल | प्रमुख प्र. अधिकृत | बुद्धभूमि न.पा. | |

## मिति: २०७७।०७।१९ गतेको बुद्धभूमी नगरकार्यपालिका बैठकको निर्णयहरु :

**प्रस्ताव नं. १ : लागत साझेदारी कार्यक्रमका सम्बन्धमा।**

निर्णयः सातौं नगरसभाबाट पारित बार्षिक विकास योजना आ.व. २०७७/०७८ को पेज नं. ७९,८० को लागत सहभागिता शिर्षकको सि.नं. २,३,४ मा विनियोजित बजेट क्रमशः ६० लाख, ५० लाख र ३५ लाख ( ५०:५०, ६०:४०, ७०:३०) को कार्यान्वयनका लागि १५ दिने सूचना प्रकाशन गर्ने। उक्त शिर्षकहरू बाट योजना माग गर्दा पूर्वाधारजन्य (सिचाई, सडक, सामुदायिक भवन, स्यालो ट्यूवेल, पार्क/उद्यान लगायतका) क्षेत्रहरूमा प्राथिमकताका आधारमा छनौट गर्ने गरी सूचना आह्वान गर्ने।

**प्रस्ताव नं. २: कार्यविधि पारित गर्ने सम्बन्धमा।**

निर्णयः क) नगरपालिकामा खरिद मार्फत प्राप्त भएका र भविष्यमा प्राप्त हुन सक्ने जस्तापाता वितरणद्वारा फुसको छानामुक्त नगरपालिका वा सुरक्षित खरको छाना युक्त संरचना निर्माण कार्यलाई व्यवस्थित गर्न प्रस्तावित कार्यविधि पारित गरी राजपत्रमा प्रकाशन गर्ने।

ख) नगरपालिकाबाट प्रस्ताव भएको घुम्ती मिल तथा पुरानो कपडाहरूबाट सिरक/डसना बनाउने सम्बन्धी कार्य व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि २०७७ सम्बन्धी प्रस्तावित कार्यविधि पारित गरी राजपत्रमा प्रकाशन गर्ने।

ग) मिति २०७७ असोज ३ गतेको स्थानीय राजपत्रमा प्रकाशन भएको संस्था दर्ता तथा नियमन सम्बन्धी कार्यविधि-२०७७ मा ३ वटा अनुसूची निवेदनको ढाँचा, संस्था दर्ता प्रमाण पत्र, संस्था दर्ता किताबको नमूना सम्मिलित गरी राजपत्रमा प्रकाशन गर्ने।

घ) व्यवसाय करलाई व्यवस्थित बनाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त नूमना कानूनलाई अनुकूलित बनाई राजपत्रमा प्रकाशन गर्ने।

ङ) प्राइभेट फर्म दर्ता सम्बन्धी कार्यलाई व्यवस्थित गर्न प्रदेश सरकारद्वारा जारी प्राइभेट फर्म दर्ता ऐन २०७६ ले दिएको र नूमना कार्यविधिको अनुकूलन गरी राजपत्रमा प्रकाशन गरी कार्यान्वयन गर्ने।

**प्रस्ताव नं. ३: समितिहरू गठन तथा पूर्णता सम्बन्धमा।**

निर्णयः क) बजार अनुगमन कार्यविधिको व्यवस्था अनुरूप बजार अनुगमन समितिमा सदस्यका रूपमा बुद्धभूमि-३ का इन्द्रमणि पौडेललाई तोक्ने।

ख) उपभोक्ता हित संरक्षण समितिको सदस्यका लागि सम्बन्धित संस्था उपभोक्ता हित, पत्रकार महासंघलाई शिघ्र प्रतिनिधि खटाई दिन लेखी पठाउने।

ग) धान मिसन कार्यक्रमको सम्बद्ध बाली सम्बन्धी उद्योगी/व्यवसायीको प्रतिनिधी बुद्धभूमि-५ का शाहमोहम्मद मुसलमानलाई तोक्ने।

घ) धान मिशन व्यवस्थापन कार्यक्रम लागू गर्न उक्त मिसन समितिलाई नगरक्षेत्रको वडा नं. ५,६,७,८,९ र १० को धानखेती हुने क्षेत्र छनौट गर्न निर्देश गर्ने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

**प्रस्ताव नं. ४: निर्माणाधीन प्रशासनिक भवन तथा सभाहलको भुक्तानी तथा बाँकी कार्यहरू पुरा गर्न सम्बन्धमा।**

निर्णयः नगरपालिका परिसरमा निर्माणाधिन प्रशासनिक भवनको आ.व. २०७६/०७७ का लागि विनयोजित बजेट अनुरूप कार्य सम्पन्न गरी /विल/भरपाई सहित समितिबाट पेश हुन आएकोमा प्राविधिक मुल्यांकनमा ठहरे अनुरूप भुक्तानी दिने तथा उक्त अधुरो भवनका बाँकी कार्यहरू पनि सोही उपभोक्ता समिति मार्फत Estimate अनुरूप काम गर्ने/गराउने साथै निर्माणधीन नगरस्तरीय सभाहलको हकमा पनि विगतकै समिति मार्फत अधिकतम ३० लाख सम्मको कार्यहरू गराउने सो को भुक्तानी अल्या. लगायत विभिन्न शीर्षकहरू (मिल्दो) बाट उपयुक्त शिर्षक मिलान गरी भुक्तानी दिने व्यवस्था मिलाउने निर्णय गरियो। साथै जिल्ला समन्वय समितिबाट थप बजेट आएमा थपघट सोही अनुसार हुने गरी निर्णय गरियो।

**प्रस्ताव नं. ५: घरेलु कार्यालयबाट हस्तान्तिरत भई आएका अभिलेखीकरण सम्बन्धमा।**

निर्णयः घरेलु कार्यालयबाट हस्तान्तरित भई आएका ५ लाख भन्दा कम पूँजी रहेका व्यवसायहरूको व्यवस्थापन, अभिलेखीकरण लगायत कार्यहरूलाई व्यवस्थित गर्न जनशक्ति, सामाग्री लगायतका कार्य प्रयोजनका लागि उपलब्ध शिर्षक / मिल्दो शिर्षकबाट भुक्तानी दिने गरी प्रस्तावित खाका अनुरूप अधिकतम १ लाख भित्र कार्य सम्पन्न गराउने।

**प्रस्ताव नं. ६: व्यवसायजन्य प्रयोगका लागि माटो निकासीको अनुमति र दस्तुर सम्बन्धी विषय सम्बन्धमा।**

निर्णयः वडा नं. १० को वडा कार्यालय मार्फत घनश्याम चौधरी तथा एन.एस. एस इट्टा उद्योग प्रा.लि. हरिहरपुर र मलहु मल्लाह वडा नं. ६ को जग्गाबाट साथै व्यक्तिगत तथा सार्वजनिक स्थानबाट माटो वा मस्कट उठाई व्यवसायिक प्रयोजनमा प्रयोग गर्नका लागि माग भई आएकोमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ उपदफा (२) घ को (६) को व्यवस्थामा माटो लगायतको बिक्री तथा निकासी शुल्क दस्तुर संकलन गर्ने व्यवस्था प्रदेश सरकारको आर्थिक ऐनको दफा ९ अनुसूची ६ को व्यवस्था अनुरूप माटोको हकमा प्रति क्यूफिट रू. ३।- आवश्यक मात्राको रसिद नगरपालिकाबाट कटाई उक्त रसिदमा वा पत्रमा निकासीको मात्रा अनुसार अवधि किटान गरी वडा कार्यालयबाट माटो निकासी स्थानको चारकिल्ला खोली सर्जमिन सहित वडाको सिफारिस भई आएपछि व्यवसायिक प्रयोजनका लागि निश्चित क्षेत्र (धार्मिक, पर्यटकीय, वस्ती भन्दा पर र विपद् नमिल्ने स्थानहरूमा मात्र) निकासी अनुमति दिने।

**प्रस्ताव नं. ७: आईसोलेसनका लागि औषधी तथा उपकरण खरिद सम्बन्धमा।**

निर्णयः नगरपालिकाबाट सञ्चालित नगरस्तरीय आईसोलेसन सेन्टरका लागि स्वास्थ्य शाखा मार्फत औषधी र उपकरण खरिदका लागि पेश भएको अनुमानित २,४८,७००।- बराबरका सामाग्रीहरूको प्रतिस्पर्धाद्वारा विपद् व्यवस्थापन कोष शिर्षकबाट भुक्तानी हुने गरी शिघ्र खरिद गरी आईसोलेसन व्यवस्थित बनाउने।

अखिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत

2066106195

**प्रस्ताव नं. ८: समृद्धि निर्माण सेवा को पत्र सम्बन्धमा।**

निर्णयः नदीजन्य पदार्थको निकासी सम्बन्धमा समृद्धि निर्माण सेवाबाट प्राप्त निकासी हुन बाँकी नदिजन्य पदार्थ निकासी सहमतिका सम्बन्धमा सोही प्रकृतिको कार्यमा उच्च अदालतमा मुद्दा दर्ता भएको सन्दर्भमा फैसला आएपछि पूर्नविचार गर्ने गरी हाललाई यथास्थितिमा राख्ने।

**प्रस्ताव नं. ९: मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम तथा मेडेपा कार्यक्रमका सम्बन्धमा।**

निर्णयः मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम तथा मेडेपा कार्यक्रमका सम्बन्धमा सम्बन्धित तोकिएका व्यक्तिहरूबाट जानकारी लिने कार्य भयो।

**प्रस्ताव नं. १०: कोष तथा लेखा नियन्त्रक कार्यालय कपिलवस्तु पत्र सम्बन्धमा।**

निर्णयः कोष तथा लेखा नियन्त्रक कार्यालय कपिलवस्तु Online system का लागि Back up को रूपमा online ups को २ थान व्याट्री फेर्ने प्रयोजनका लागि लेखी आएकोले विल / भरपाई तथा कार्यालयको सिफारिस सहित प्राप्त भएपछि भुक्तानी दिने।

**प्रस्ताव नं. ११: कारागार कपिलवस्तुको लागि रकम उपलब्ध गराउने सम्बन्धमा।**

निर्णयः प्रमुख जिल्ला अधिकारी कपिलवस्तुको अध्यक्षातामा बसेको सर्वपक्षीय बैठकको निर्णय समेतका आधारमा कारागार कार्यालय कपिलवस्तुको कारागारमा रहेको कैदीवन्दीहरूलाई कोभिड १९ को महामारीबाट बच्न तथा नियन्त्रण गर्न Fabricated क्वारेन्टाइन निर्माण तथा आवश्यक पर्ने स्वास्थ्य सामाग्री खरिदका लागि काम सम्पन्न भएपछि प्रतिवेदन गर्ने गरी कारागार कार्यालय कपिलवस्तुको नाममा रकम उपलब्ध गराई दिने।

**प्रस्ताव नं. १२: बहुवर्षीय योजनाको ठेक्का सम्झौता सम्बन्धमा।**

निर्णयः विषम परिस्थिति तथा चाडपर्वलाई मध्यनजर गर्दै बहुवर्षीय ठेक्का सम्झौताहरूलाई अन्तिम पटकका लागि मंसिर मसान्त सम्म मात्र हुने गरी म्याद थप गरी कार्यान्वयन गराउने निर्णय गरियो।

**प्रस्ताव नं. १३: ल्याब सामाग्री सम्बन्धमा।**

निर्णयः महुवा स्वास्थ्य चौकीमा ल्याब सामाग्रीहरू व्यवस्थापनका लागि १ लाख बराबरको सामाग्री व्यवस्थापन गर्न अनुमति दिने उक्त कार्य सम्पनन गरी विल भरपाई सहित भुक्तानी माग गर्ने।

**प्रस्ताव नं. १४: रकम फिर्ता गर्ने सम्बन्धमा।**

निर्णयः जगत थारूको घरदेखि झिगे खोला सम्मको सडक निर्माण उ.स.ले ग्रेडर / रोलर भाडा प्रयोजनका लागि सवित्रा भन्ने व्यक्ति मार्फत नगरपालिका खातामा जम्मा गरेको १९ हजार तथा बोक्तापुर अधुरो सवग्रेड उ.स. मार्फत श्रीराम चौधरी राजश्वमा जम्मा गरेको तथापि नगरपालिकाबाट मेसिन उपकरण उपलब्ध नभएकोले रकम फिर्ता दिने।

**प्रस्ताव नं. १५: वातावरण तथा विपद व्यवस्थापन समिति सम्बन्धमा।**

निर्णयः वातावरण तथा विपद व्यवस्थापन समितिको संयोजक त्रिलोकी खरविन्दको यही मिति २०७७।०६।१० गते असामायिक निधन भै संयोजकको स्थान रिक्त हुन गएको हुँदा उक्त रिक्त स्थानमा संयोजक छनौट प्रक्रियामा केही कार्यपालिका सदस्यबाट फरक मत राखी असहमति दर्शायता पनि बैठकमा प्रस्तावित कार्यपालिका सदस्य कमला चौधरीलाई बहुमत सदस्यहरूको सहमति रहेकोले उक्त रिक्त संयोजकमा कमला चौधरीलाई तोक्ने साथै सोही समितिको सदस्यमा राजेश्वर सिंहको मिति २०७७।०५।१४ असामयिक निधन भै सदस्यको स्थान रिक्त हुन गएकोले अलगु ढाँडीलाई तोक्ने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

२०७७।०६।१५
केशव कुमार श्रेष्ठ
नगर प्रमुख